Lokadarpana
Vol. VI, No. 1, 1-14, April, 2026
Pandit Shree Lokanath Luitel Smriti Pratishthan, Dharan

छविलाल पोख्रेलकृत 'कौमुदीसार' ग्रन्थका पूर्वार्द्ध प्रकरणहरूको संरचनात्मक समीक्षा

डा. मतिप्रसाद ढकाल*
dhakalmatip@gmail.com
Received Date: February 14, 2026 - Accepted Date: March 28, 2026

लेखसार

पाणिनीय व्याकरणमा आधारित वैयाकरणसिद्धान्तकौमुदी, मध्यसिद्धान्तकौमुदी र लघुसिद्धान्तकौमुदी ग्रन्थत्रयको सार खिचेर लघुसिद्धान्तकौमुदीका ढाँचामा नेपाली विद्वान् छविलाल शर्मा पोख्रेलले वि.सं. १९९८ मा रचना गरी वि.सं. २०२० मा प्रकाशनमा ल्याएको 'कौमुदीसार' ग्रन्थका बारेमा हालसम्म पृथक् रूपमा अध्ययन एवम् अनुसन्धान नभएकाले सोको परिपूर्ति गर्ने उद्देश्यले तुलनात्मक विधिबाट यस लेखमा कौमुदीसार र लघुसिद्धान्तकौमुदीका संज्ञा प्रकरणदेखि लकारार्थ प्रकरणसम्मका सूत्र र वार्तिकको संरचनात्मक विश्लेषण गरिएको छ। फलस्वरूप दुवै ग्रन्थका सूत्र र वार्तिकहरूमध्ये अधिकांश सूत्र र वार्तिकको संरचनामा समानता भेटिए पनि लघुसिद्धान्तकौमुदीमा पढिएका १२४ सूत्र र २४ वार्तिक कौ.सा. का सम्बद्ध प्रकरणमा भेटिँदैनन् भने लघुसिद्धान्तकौमुदीमा नपढिएका ८७ नयाँ सूत्र र ८ नयाँ वार्तिकको अध्ययन कौमुदीसारका सम्बद्ध प्रकरणमा गरिएको पाइएकाले सूत्र र वार्तिकको संरचनाका दृष्टिले कौमुदीसारको पृथक् वैशिष्ट्य रहेको छ। लेखक स्वयंले हस्तलिखित रूपमा संशोधन गरेका र संशोधन गर्न छुट भएका पूर्वार्द्धगत प्रकरणमा रहेका संशोधनीय स्थलहरूको समेत यसमा अध्ययन गरिएको छ।

शब्दकुञ्जी : कौमुदी, प्रकरण, वार्तिक, संशोधन, सूत्र।

विषय परिचय

संस्कृत वाङ्मयमा विभिन्न व्याकरणहरूको रचना भए पनि पाणिनीय व्याकरणको व्यापकता र सर्वोपरि महत्ता रहेको छ। अष्टाध्यायीपद्धतिमा आधारित प्राचीन व्याकरणका तुलनामा प्रक्रियाक्रममा आधारित नव्यव्याकरणप्रति अध्येताहरूको बढ्ता आकर्षण रहेका कारण भट्टोजि दीक्षितद्वारा विरचित 'वैयाकरणसिद्धान्तकौमुदी' ग्रन्थको पठनपाठन विगतमा मात्रै होइन वर्तमानमा समेत कायमै रहेको छ।

* लेखक नवलपरासीको गैँडाकोटस्थित कालिका संस्कृत विद्यापीठमा सहप्राध्यापक हुनुहुन्छ।

उक्त ग्रन्थको अध्ययन गर्न अध्येतालाई कठिन हुँदै गएपछि त्यसको सार ग्रहण गरेर आचार्य वरदराजले 'मध्यसिद्धान्तकौमुदी'को रचना गरेका थिए। त्यसको अध्ययन गर्नसमेत कठिन हुने अध्येताहरूका लागि त्यसको पनि सार ग्रहण गरेर वरदराजले नै 'लघुसिद्धान्तकौमुदी'को रचना गरेका थिए भने त्यसलाई समेत अझै सङ्क्षेपीकरण गरे वरदराजले 'सारसिद्धान्तकौमुदी'को प्रणयन गरेका थिए तापनि विगतदेखि वर्तमानसम्म 'सारसिद्धान्तकौमुदी'भन्दा 'लघुसिद्धान्तकौमुदी'लाई नै पाणिनीय व्याकरणको आधारभूत ग्रन्थका रूपमा पठनपाठनमा बढ्ता उपयोग गरिँदै आइएको छ। नेपाली विद्वान्हरूमध्ये नयराज पन्त र छविलाल पोख्रेल दुवैले वि.सं. १९९८ मा पृथक् पृथक् रूपमा 'लघुसिद्धान्तकौमुदी'लाई सरलीकरण र सङ्क्षेपीकरण गर्ने प्रयास गरेका थिए तापनि छविलाल पोख्रेलले वि.सं. २०२० मा 'कौमुदीसार' नामक पूर्णग्रन्थलाई प्रकाशनमा ल्याएका थिए भने नयराज पन्तले वि.सं. २०४९ मा हलन्तपुल्लिङ्ग प्रकरणसम्मको अपूर्ण ग्रन्थका रूपमा 'संक्षिप्तलघुकौमुदी'लाई प्रकाशन गरेका थिए तर यी दुवै ग्रन्थलाई हालसम्म न पठनपाठनमा उपयोग गरिएको छ न त यिनका बारेमा पृथक् रूपमा अध्ययन तथा अनुसन्धान नै हुन सकेको छ। यसै सन्दर्भमा छविलाल पोख्रेलद्वारा रचित 'कौमुदीसार' नामक ग्रन्थको समग्र स्वरूप केकस्तो छ ? अनि 'लघुसिद्धान्तकौमुदी' र 'कौमुदीसार' दुवै ग्रन्थका संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा पढिएका सूत्र र वार्तिकहरूमा केकति समानता र भिन्नता पाइन्छ ? भन्ने मुख्य समस्यामा केन्द्रित रहेको यस लेखको उद्देश्य 'कौमुदीसार'को परिचय र संरचनात्मक वैशिष्ट्य प्रतिपादन गरी पाणिनीय व्याकरणको विकासमा नेपाली विद्वान् छविलाल पोख्रेलका योगदानलाई वर्तमान समाजमा विस्तार गर्नु हो भने पाणिनीय व्याकरणको अध्ययन परम्परामा यस ग्रन्थको पृथक् वैशिष्ट्यबोध गरी थप अध्ययन तथा अनुसन्धानतर्फ अध्येताहरूलाई अग्रसर गराउनु नै यस लेखको औचित्य र महत्त्व रहेको छ।

अध्ययन विधि

सामग्री सङ्कलनका विभिन्न विधिहरूमध्ये यस लेखमा नमुना छनौट विधिको अवलम्बन गरी प्राथमिक स्रोतका रूपमा मुख्यतः वरदराजको 'लघुसिद्धान्तकौमुदी' र छविलाल पोख्रेलको 'कौमुदीसार' ग्रन्थको उपयोग गरिएको छ भने द्वितीयक स्रोतका रूपमा वरदराजकै 'मध्यसिद्धान्तकौमुदी' र भट्टोजि दीक्षितको 'वैयाकरणसिद्धान्तकौमुदी'को उयोग गरेर तुलनात्मक विधिबाट परस्परमा समानता र भिन्नता केलाउँदै निष्कर्षमा पुगिएको छ। यसका लागि 'कौमुदीसार' ग्रन्थको संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा विद्यमान संशोधनीय पाठको सिंहावलोकन गर्दै यस ग्रन्थको संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा पढिएका सूत्र र वार्तिकको समानता, न्यूनता र अधिकताको निर्क्योलमा यस अध्ययनलाई सीमाङ्कन गरिएको छ।

सैद्धान्तिक पर्याधार

अनुसन्धानका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये कुनै दुई विषय वा क्षेत्रमा पारस्परिक प्रेरणा र प्रभावका आधारमा समानता र भिन्नताको निर्क्योल गर्ने पद्धति नै तुलनात्मक पद्धति हो। एकपक्षीय अध्ययन एवं विश्लेषण हुनबाट बच्तै तटस्थ, निरपेक्ष, वस्तुनिष्ठ र पूर्वाग्रहरहित हुनु तुलनात्मक पद्धतिको मुख्य उद्देश्य मानिन्छ। यो लेख तुलनात्मक पद्धतिका यिनै मूलभूत सैद्धान्तिक आधारलाई ध्यानमा राखेर तयार गरिएको हो।

विषय विश्लेषण

वरदराजद्वारा विरचित 'लघुसिद्धान्तकौमुदी' र यससँग अन्य संस्कृत व्याकरणग्रन्थको तुलना गरेर विभिन्न विद्वान्हरूले अनेकौँ अध्ययन तथा अनुसन्धानहरू गरेका पाइए पनि नेपाली विद्वान् छविलाल पोख्रेलद्वारा विरचित 'कौमुदीसार' ग्रन्थसँग 'लघुसिद्धान्तकौमुदी' ग्रन्थको तुलनात्मक अध्ययन एवम् अनुसन्धान हालसम्म भएको पाइँदैन। यसै सन्दर्भमा यहाँ 'कौमुदीसार' ग्रन्थको मूल शीर्षक र अग्रभागको समीक्षा गर्दै यस ग्रन्थका संज्ञादेखि लकारार्थसम्मका पूर्वार्द्ध प्रकरणगत सूत्र र वार्तिकहरूको संरचना, यस ग्रन्थका हस्तलिखित संशोधन तथा सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलका बारेमा तुलनात्मक विश्लेषण गरिएको छ।

'कौमुदीसार' ग्रन्थका मूल शीर्षकको समीक्षा

छविलाल शर्मा पोख्रेलद्वारा रचित तथा २०२० सालमा प्रकाशित समीक्ष्य ग्रन्थको बाह्य आवरणपृष्ठको सुरुमा 'लघुसिद्धान्तकौमुदी' र त्यसभन्दा तलपट्टि कोष्ठकमा 'कौमुदीसारः' उल्लेख गरिएको छ भने भित्री मुखपृष्ठको प्रारम्भमा 'लघुसिद्धान्तकौमुदी' र त्यसभन्दा तलपट्टि कोष्ठक नदिईकन 'लघुकौमुदीसारः' उल्लेख गरिएको छ। यस ग्रन्थको भूमिका र चारवटा सम्मतिमा कहीँ पनि यस पुस्तकको शीर्षकका बारेमा केही पनि उल्लेख गरिएको पाइँदैन। मूलभागको पहिलो पृष्ठको प्रारम्भमा बाह्य आवरणपृष्ठमा जस्तै 'लघुसिद्धान्तकौमुदी' र त्यसको तलपट्टि कोष्ठकमा 'कौमुदीसारः' उल्लेख गरिएको छ भने दोस्रोदेखि १९२ पृष्ठसम्मका सबैजसो समपृष्ठको शीर्षभागमा 'लघुकौमुदीसारः' नामक शीर्षक उल्लेख गरिएको छ। त्यसैले यस पुस्तकको वास्तविक नाम 'लघुकौमुदीसारः' हो कि 'कौमुदीसारः' हो भन्ने बारेमा स्पष्ट रूपमा यकिन गर्न यसका पाठकहरूलाई कठिनाइ पर्छ। पाणिनीय व्याकरणको व्याख्यानमा नेपालको योगदानको चर्चा गर्ने क्रममा भवानीशङ्कर भट्टराई (२०८२, पृ. २०) ले छविलाल पोख्रेलले 'कौमुदीसारः' ग्रन्थको रचना गरेको उल्लेख गरे पनि पुस्तकको शीर्षकका बारेमा कुनै तुलनात्मक विचारविमर्श गरेको देखिँदैन। छविलाल पोख्रेलले रचना गरेको 'कौमुदीसारः' ग्रन्थको अन्तमा उल्लिखित "इति भट्टोजिवरदावनुसृत्य यथामति, लिखितं छविलालेन प्रीयतां परमेश्वरः" (पोख्रेल, २०२०, पृ. १९२) ग्रन्थान्त मङ्गलाचरणको पद्यका आधारमा लघुसिद्धान्तकौमुदी र मध्यसिद्धान्तकौमुदीका प्रणेता वरदराजका विचारहरूलाई मात्रै नभएर वैयाकरणसिद्धान्तकौमुदीका प्रणेता भट्टाजि दीक्षितका विचारलाई समेत अनुसरण गरेर यो ग्रन्थ लेखिएको भन्ने पुष्टि हुन्छ। त्यसका साथै वरदराजको 'लघुसिद्धान्तकौमुदी' र छविलालको 'कौमुदीसारः' दुवै ग्रन्थको तुलनात्मक अध्ययन गर्दा 'कौमुदीसारः' ग्रन्थमा लघुसिद्धान्तकौमुदीमा नपढिएका १८७ सूत्र र ३३ वार्तिकहरूसमेत समावेश गरिएको पाइएकाले यस ग्रन्थलाई 'लघुकौमुदीसारः' भनेर नामकरण गर्न सकिने भरपर्दो आधार देखिँदैन। 'कौमुदीसारः' ग्रन्थमा लघुसिद्धान्तकौमुदीमा नपढिएका तर वैयाकरणसिद्धान्तकौमुदीमा पढिएका थप सूत्रहरू समावेश गरिएको हुँदा यस ग्रन्थलाई तीनवटै कौमुदी ग्रन्थको सारग्रन्थका रूपमा ग्रहण गरी यस ग्रन्थको शीर्षक 'कौमुदीसारः' राखिनु युक्तिसङ्गत हुने देखिन्छ।

'कौमुदीसार' ग्रन्थका अग्रभागको परिचयात्मक समीक्षा

अग्रभागमा १३ र मूलभागमा १९२ गरी २०५ पृष्ठमा विस्तारित 'कौमुदीसारः' नामक ग्रन्थको रचना

धरानस्थित पिण्डेश्वर संस्कृत महाविद्यालयका तात्कालिक प्रधानाचार्य पं. छविलाल शर्मा पोख्रेलले गरेका हुन् भने यसको प्रकाशन वि.सं. २०२० मा विराटनगरस्थित नेपाली साहित्य भण्डारबाट भएको हो। अग्रभागको पहिलो पृष्ठमा भित्री आवरण र दोस्रो पृष्ठमा पुस्तकको संस्करण, प्रकाशन वर्ष, मूल्य, प्रकाशक र मुद्रकको विवरण दिइएको छ। अग्रभागका ३ देखि १० पृष्ठसम्मका आठ पृष्ठमा लेखक स्वयं पं. छविलाल शर्मा पोख्रेलद्वारा लिखित 'भूमिका' समावेश गरिएको छ भने अग्रभागका ११ देखि १३ पृष्ठसम्मका तीन पृष्ठमा 'अत्र सम्मतयः' शीर्षकमा हिन्दु विश्वविद्यालय काशीका प्राध्यापकद्वय राजनारायण शर्मा र महादेव पाण्डेय, नेपाल राजकीय संस्कृत महाविद्यालयका प्रधानाचार्य पद्मप्रसाद उपाध्याय र योगी नरहरिनाथका सम्मतिहरू समावेश गरिएका छन्।

'कौमुदीसार' ग्रन्थको भूमिकामा संस्कृत भाषाको महत्त्व, सर्वसाधारण जनताले संस्कृतका तिङन्त क्रियापदको उच्चारण नगरे पनि तिङन्तबाहेकका सुप् विभक्तिले रहित भएका सबैजसो संस्कृत शब्दहरूको प्रयोग बढ्ता गर्ने गरेको, हाम्रा भाषाहरूको शुद्ध उच्चारण गर्न र शुद्धलेखनका लागि मात्रै नभएर संस्कृतमा विद्यमान विविध विषयका ज्ञानका लागि समेत संस्कृत भाषाको ज्ञान अत्यावश्यक रहेको, अन्य भाषाको प्रचारप्रसार आआफ्ना देशमा र प्रदेशहरूमा मात्रै भए पनि संस्कृतको प्रचारप्रसार भने सबै देशमा र सबै प्रदेशहरूमा हुने गरेकाले यसको व्यापकता रहेको, अन्य भाषाहरूको एकआपसमा विरोध र उपेक्षाभाव रहे पनि संस्कृत भाषाप्रति सबै भाषाभाषीको आफ्नै आमामा जत्तिकै श्रद्धाभाव रहेको र संस्कृत भाषाको ज्ञानका लागि विभिन्न व्याकरणहरूको प्रणयन गरिएको भए पनि पाणिनीय व्याकरणको अत्यधिक प्रचारप्रसार भएकाले यसको सरलतापूर्वक सम्पादन गर्न आवश्यक ठानिएको छ। साथै केही विद्वान्हरूले शास्त्रीय ग्रन्थहरूको सरलतापूर्वक सम्पादन गर्दा शास्त्रलोप हुने कुरा गरे पनि व्याकरणशास्त्रका ग्रन्थहरूको सरलतापूर्वक सम्पादन गर्नाले व्याकरणशास्त्रमा धेरैभन्दा धेरै व्यक्तिहरूको प्रवेश हुनसक्ने भएकाले प्राचीन कालदेखि नै पाणिनीय व्याकरणका सूत्रहरूलाई सरलतापूर्वक सम्पादन गरेर यथार्थताको बोध गराउनका लागि कात्यायन, पतञ्जलि आदिदेखि वरदराजसम्मका विभिन्न विद्वान्हरूले 'महाभाष्य'देखि 'लघुसिद्धान्तकौमुदी'सम्मका पाणिनीय व्याकरणका विभिन्न ग्रन्थहरूको सम्पादन गरेको जनाइएको छ। यसै सन्दर्भमा पाणिनि, कात्यायन र पतञ्जलिको देश, काल आदिको सङ्क्षिप्त परिचय दिँदै लघुसिद्धान्तकौमुदीभन्दा पूर्ववर्ती ग्रन्थहरू पढेर विद्यार्थीहरूलाई पढाउँदा 'लघुसिद्धान्तकौमुदी'भन्दा पनि अझै सरल बनाएर कौमुदीको सम्पादन गर्नुपर्ने आवश्यकताको अनुभव गरी 'लघुसिद्धान्तकौमुदी'मा अप्रसिद्ध उदाहरणहरू र धातुहरूको समेत समावेश गरिएको तर प्रसिद्ध उदाहरणहरू र धातुहरूको उल्लेख नगरिएको, प्राथमिक तहका विद्यार्थीका लागि उदात्त आदि संज्ञा, 'मात् किम् ?', 'टोः किम् ?' आदि प्रत्युदाहरणमूलक फक्किकाहरूको आवश्यकता नरहेको, अच्को अनुवृत्तिलाई ध्यानमा राखेर 'इको यणचि' सूत्रलाई अच्सन्धिमा सर्वप्रथम समावेश गरिएको भए पनि अकारादि वर्णका क्रममा सर्वप्रथम 'आद् गुणः' सूत्र समावेश गर्नु उचित रहेको जस्ता विचारहरूलाई ध्यानमा राखेर यो ग्रन्थ प्रणयन गरिएको ठहर गरिएको छ।

'कौमुदीसार' ग्रन्थको अग्रपृष्ठमा समावेश गरिएका चारजना विद्वान्का सम्मतिहरूमध्ये प्रारम्भिक दुईवटा सम्मतिहरू अत्यन्त सङ्क्षिप्त छन्। तीमध्ये पहिलो राजनारायण शर्माको सम्मतिको अन्तमा "पौ.

कृ ९–२३ के. ९८ वै." र दोस्रो सम्मतिको अन्तमा "पौ.शु. ९ शनौ १९९८ वै." उल्लेख गरिएका कारण यी दुवै सम्मतिहरू क्रमशः पौष कृष्णपक्षको नवमी तिथि र वि.सं. १९९८ मा तथा पौष शुक्लपक्षको नवमी तिथि र वि.सं. १९९८ मा लेखिएको कुरा अवगत गर्न सकिन्छ। त्यसैगरी संस्कृत भाषाको महत्त्वबारे चर्चा गर्दै योगी नरहरिनाथले आर्ष प्राचीन पठनपाठनप्रणाली प्रशंसनीय रहे पनि हाल लुप्त भएको र परकीय पद्धति आफ्नो हितमा नहुने भएकाले प्राचीन पठनपाठनशैलीलाई पुनः अनुशीलन गर्नुपर्ने आवश्यकता औँल्याएका छन्। साथै योगी नरहरिनाथको सम्मतिमा २०१५।६।१५।४ दिनाङ्क उल्लेख गरिएकाले यो ग्रन्थ वि.सं. १९९८ भन्दा अघि नै रचना गरिएको भए पनि २०१५ सालसम्म यो ग्रन्थ प्रकाशन नभएको भन्ने प्रमाणित हुन्छ।

'कौमुदीसार' ग्रन्थका पूर्वार्द्ध प्रकरणहरूको समीक्षा

छविलालकृत 'कौमुदीसार' ग्रन्थको मूलशीर्षक 'लघुसिद्धान्तकौमुदी' राखिएकाले 'कौमुदीसार' ग्रन्थलाई मूलतः वरदराजकृत लघुसिद्धान्तकौमुदीको प्रकरणगत संरचनामा संयोजन गरिएको देख्न सकिन्छ। लघुसिद्धान्तकौमुदी ग्रन्थ संज्ञाप्रकरणदेखि स्त्रीप्रत्ययसम्मका ६० वटा प्रकरणमा विभक्त छ भने रक्ताद्यर्थक र चातुरर्थिक दुवै प्रकरणलाई रक्ताद्यर्थक प्रकरणमै समावेश गरिएकाले 'कौमुदीसार' ग्रन्थमा ५९ वटा प्रकरण रहेका छन्। सिद्धान्तकौमुदीलाई जस्तै 'कौमुदीसार' ग्रन्थलाई स्पष्ट रूपमा पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई प्रकारमा विभाजन नगरिएको भए पनि 'कौमुदीसार' ग्रन्थका संज्ञादेखि लकारार्थसम्मका ३२ वटा प्रकरणलाई पूर्वार्द्ध र कृदन्तदेखि स्त्रीप्रत्ययसम्मका २७ वटा प्रकरणलाई उत्तरार्द्ध गरी दुई भागमा विभाजन गर्न सकिन्छ। तीमध्ये यस अध्ययनमा पूर्वार्द्ध प्रकरणका ३२ वटा प्रकरणलाई समष्टिगत रूपमा संज्ञासन्धि, सुबन्त र तिङन्त तीन प्रकारमा विभाजन गरी यी प्रकरणमा रहेका सूत्र र वार्तिकको तुलनासँगै संरचनात्मक अध्ययन गर्न खोजिएको छ।

'कौमुदीसार' ग्रन्थको संज्ञासन्धि प्रकरणका सूत्र र वार्तिकको समीक्षा

'कौमुदीसार' ग्रन्थमा संज्ञासन्धि प्रकरणअन्तर्गत संज्ञाप्रकरण, अच्सन्धि, हल्सन्धि र विसर्गसन्धि चारवटा प्रकरणहरू रहेका छन्। तीमध्ये लघुसिद्धान्तकौमुदी (ल.कौ.) को संज्ञाप्रकरणमा १४ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौमुदीसार (कौ.सा.) मा ८ सूत्र मात्रै पढिएका छन्। ल.कौ.का (१) अदर्शनं लोपः, (२) उच्चैरुदात्तः, (३) नीचैरनुदात्तः, (४) समाहारः स्वरितः, (५) मुखनासिकावचनोऽनुनासिकः र (६) परः सन्निकर्षः संहिता छ सूत्र र (१) ऋलृवर्णयोर्मिथः सावर्ण्यं वाच्यम् एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको पाइँदैन। त्यसैगरी ल.कौ.को अच्सन्धि प्रकरणमा ४७ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा. मा १६ सूत्र र एउटा वार्तिक मात्रै पढिएका छन्। ल.कौ.को अच्सन्धि प्रकरणमा पढिएका (७) तस्मिन्निति निर्दिष्टे पूर्वस्य, (८) अनचि च, (९) झलां जश् झशि, (१०) संयोगान्तस्य लोपः, (११) अलोऽन्त्यस्य, (१२) यथासंख्यमनुदेशः समानाम्, (१३) वान्तो यि प्रत्यये, (१४) अदेङ् गुणः, (१५) उपदेशेऽजनुनासिक इत्, (१६) उरण् रपरः, (१७) वृद्धिरादैच्, (१८) एत्येधत्यूठ्सु, (१९) उपसर्गाः क्रियायोगे, (२०) भूवादयो धातवः, (२१) उपसर्गादृति धातौ, (२२) अचोऽन्त्यादि टि, (२३) ओमाङोश्च, (२४) अन्तादिवच्च, (२५) सर्वत्र विभाषा गोः, (२६) अनेकाल् शित्सर्वस्य, (२७) ङिच्च, (२८) अवङ् स्फोटायनस्य, (२९) इन्द्रे

च, (३०) चादयोऽसत्त्वे, (३१) प्रादयः, (३२) निपात एकाजनाङ्, (३३) सम्बुद्धौ शाकल्यस्येतावनार्षे, (३४) मत्र उञो वो वा, (३५) इकोऽसवर्णे शाकल्यस्य ह्रस्वश्च, (३६) अचो रहाभ्यां द्वे र (३७) ऋत्यकः ३१ वटा सूत्र तथा (२) अध्वपरिमाणे च, (३) प्रादूहोढोढ्येषैष्येषु, (४) ऋते च तृतीया समासे, (५) प्रवत्सतरकम्बलवसनार्णदशानामृणे, (६) शकन्ध्वादिषु पररूपं वाच्यम् र (७) न समासे छवटा वार्तिक कौ.सा.को अच्सन्धि प्रकरणमा पढिएको देखिँदैन। यीमध्ये १०, २६ र २७औँ सूत्रको उल्लेख कौ.सा.को अजन्तपुल्लिङ्ग प्रकरणमा, १५औँ सूत्रको उल्लेख विसर्गसन्धि प्रकरणमा, १९औँ सूत्रको उल्लेख भ्वादिप्रकरणमा, ३६औँ सूत्रको उल्लेख हलन्तपुल्लिङ्ग प्रकरणमा पढिएको छ। त्यसैगरी कौ.सा.मा (१) ओत्वोष्ठयोः समासे वा एउटा नयाँ वार्तिक पढिएको पाइन्छ।

संज्ञासन्धि प्रकरणअन्तर्गत ल.कौ.को हल्सन्धि प्रकरणमा ४१ सूत्र र ५ वार्तिक पढिएका छन् भने कौ.सा.मा २५ सूत्र र दुईवटा वार्तिक मात्रै पढिएका छन्। ल.कौ.मा पढिएका (३८) तस्मादित्युत्तरस्य, (३९) मो राजि समः क्वौ, (४०) हे मपरे वा, (४१) नपरे नः, (४२) ङ्णोः कुक्टुक् शरि, (४३) समः सुटि, (४४) अत्रानुनासिकः पूर्वस्य तु वा, (४५) अनुनासिकात्परोऽनुस्वारः, (४६) खरवसानयोर्विसर्जनीयः, (४७) पुमः खय्यम्परे, (४८) नश्छव्यप्रशान्, (४९) विसर्जनीयस्य सः, (५०) नृन् पे, (५१) कुप्वोः कः पौ च, (५२) तस्य परमाम्रेडितम् र (५३) कानाम्रेडिते १६ वटा सूत्र तथा (८) अनाम्नवतिनवरीणामिति वाच्यम्, (९) यवलपरे यवला वा र (१०) चयोः द्वितीया शरि पौष्करसादेरिति वाच्यम् तीनवटा वार्तिक कौ.सा.को हल्सन्धिमा पढिएको देखिँदैन। यीमध्ये ४४, ४५, ४६, ४८, ४९ र ५१औँ छवटा सूत्रको अध्ययन कौ.सा.को विसर्गसन्धि प्रकरणमा गरिएको पाइन्छ। त्यस्तै ल.कौ.को विसर्गसन्धि प्रकरणमा १३ सूत्र पढिएका छन् भने कौ.सा.मा १८ सूत्र पढिएको पाइन्छ। यीमध्ये ल.कौ.को हल्सन्धि प्रकरणमा पढिएको 'विसर्जनीयस्य सः' एउटा सूत्रको पुनरावृत्ति भएको छ। ल.कौ.मा पढिएका (५४) वा शरि र (५५) सोऽचि लोपे चेत्पादपूरणम् दुईवटा सूत्र कौ.सा.मा पढिएको छैन भने कौ.सा.को पूर्ववर्ती अच्सन्धि र हल्सन्धिमा नपढिएका ल.कौ.का सातवटा सूत्रको अध्ययन कौ.सा.को विसर्गसन्धि प्रकरणमा भएकाले ल.कौ.मा भन्दा कौ.सा.को विसर्गन्धि प्रकरणमा सूत्रसङ्ख्या बढ्ता देखिएको हो। यसप्रकार ल.कौ.का संज्ञासन्धि प्रकरणमा पढिएका ११४ सूत्र र १२ वटा वार्तिकमध्ये कौ.सा.को संज्ञासन्धि प्रकरणमा ६७ वटा सूत्र र तीनवटा वार्तिक पढिएका छन्। कौ.सा.को संज्ञासन्धिप्रकरणमा ल.कौ.का तुलनामा कुनै नयाँ सूत्र नपढिएको भए पनि एउटा नयाँ वार्तिकको अध्ययन भने भएको देखिन्छ।

'कौमुदीसार' ग्रन्थको सुबन्त प्रकरणका सूत्र र वार्तिकको समीक्षा

'कौमुदीसार' ग्रन्थमा सुबन्त प्रकरणअन्तर्गत अजन्तपुल्लिङ्ग, अजन्तस्त्रीलिङ्ग, अजन्तनपुंसकलिङ्ग, हलन्तपुल्लिङ्ग, हलन्तस्त्रीलिङ्ग, हलन्तनपुंसकलिङ्ग र अव्यय सातवटा प्रकरणहरू रहेका छन्। तीमध्ये ल.कौ.को अजन्तपुल्लिङ्ग प्रकरणमा १०० सूत्र र तीनवटा वार्तिक पढिएका छन् भने कौ.सा.मा ९५ सूत्र र दुईवटा वार्तिक पढिएको पाइन्छ। यीमध्ये ल.कौ.मा 'दीर्घाज्जसि च' एउटा सूत्रको पुनरावृत्ति भएको छ। कौ.सा.को पूर्ववर्ती संज्ञाप्रकरण र अच्सन्धिमा नपढिएका ल.कौ.का उपर्युक्त १०, २६ र २७औँ तीनवटा सूत्रको अध्ययन कौ.सा.को अजन्तपुल्लिङ्ग प्रकरणमा गरिएको छ। त्यसैगरी ल.कौ.मा पढिएका (५६)

यू स्त्र्याख्यौ नदी, (५७) अम्बार्थनद्योर्ह्रस्वः, (५८) आण्नद्याः, (५९) अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ, (६०) गतिश्च र (६१) तृज्वत्क्रोष्टुः छवटा सूत्र तथा (११) प्रथमलिङ्गग्रहणं च र (१२) ऋवर्णान्नस्य णत्वं वाच्यम् दुईवटा वार्तिकको अध्ययन कौ.सा.को अजन्तपुल्लिङ्ग प्रकरणमा गरिएको नपाइए पनि कौ.सा.को उपर्युक्त ५६, ५७ र ५८औँ सूत्रको उत्तरवर्ती अजन्तस्त्रीलिङ्ग प्रकरणमा तथा उपर्युक्त १२औँ वार्तिकको अजन्तनपुंसकलिङ्ग प्रकरणमा अध्ययन भएको देखिन्छ।

सुबन्त प्रकरणअन्तर्गत ल.कौ.को अजन्तपुल्लिङ्ग प्रकरणमा १८ वटा सूत्र पढिएका छन् भने कौ.सा.मा २० वटा सूत्र पढिएको पाइन्छ। कौ.सा.को अजन्तपुल्लिङ्ग प्रकरणमा नपढिएका ल.कौ.का उपर्युक्त ५६, ५७ र ५८औँ सूत्रको अध्ययन कौ.सा.को अजन्तस्त्रीलिङ्ग प्रकरणमा भएको छ भने ल.कौ.मा पढिएको (६२) न तिसृचतसृ एउटा सूत्रको अध्ययन कौ.सा.मा भएको देखिँदैन। त्यसैगरी ल.कौ.को अजन्तनपुंसकलिङ्ग प्रकरणमा १७ वटा सूत्र र तीनवटा वार्तिक पढिएका छन् भने कौ.सा.मा १६ वटा सूत्र र तीनवटा वार्तिक पढिएको पाइन्छ। कौ.सा.को अजन्तपुल्लिङ्ग प्रकरणमा नपढिएको उपर्युक्त १२औँ वार्तिकको अध्ययन कौ.सा.को अजन्तनपुंसकलिङ्ग प्रकरणमा भएको छ भने ल.कौ.मा पढिएका (६३) नपुंसकस्य झलचः एउटा सूत्रको तथा (१३) एकतरात्प्रतिषेधो वक्तव्यः एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको पाइँदैन।

सुबन्त प्रकरणअन्तर्गत ल.कौ.को हलन्तपुलिङ्ग प्रकरणमा १०८ सूत्र र छवटा वार्तिक पढिएका छन् भने कौ.सा.मा १०१ सूत्र र चारवटा वार्तिक पढिएको पाइन्छ। तीमध्ये ल.कौ.मा 'अचो रहाभ्यां द्वे' सूत्रको पुनरावृत्ति भएको छ। ल.कौ.मा पढिएका (६४) एकाचो बशो भष् झषन्तस्य स्ध्वोः, (६५) इग्यणः सम्प्रसारणम्, (६६) वाह ऊठ्, (६७) सम्प्रसारणाच्च, (६८) सहेः साडः सः, (६९) युजेरसमासे, (७०) भ्यसोऽभ्यम् र (७१) नशेर्वा आठवटा सूत्र तथा (१४) ङावुत्तरपदे प्रतिषेधो वक्तव्यः र (१५) एकतिङ् वाक्यम् दुईवटा वार्तिकको अध्ययन कौ.सा.को हलन्तपुल्लिङ्ग प्रकरणमा भएको देखिँदैन। त्यस्तै ल.कौ. र कौ.सा. दुवैको हलन्तस्त्रीलिङ्ग प्रकरणमा समान रूपमा ४।४ वटा सूत्रहरू पढिएका छन् भने यी दुवै ग्रन्थका हलन्तस्त्रीलिङ्ग प्रकरणको सूत्ररचनामा र सोदाहरण सूत्रव्याख्यानमा कुनै तात्त्विक भिन्नता देखिँदैन। त्यसैगरी ल.कौ. र कौ.सा. दुवैको नपुंसकलिङ्ग प्रकरणमा समान रूपमा ४।४ वटा सूत्र र १।१ वटा वार्तिक पढिएको छ। कौ.सा.मा 'अहः' शब्दको रूपसिद्धिप्रक्रियाका सन्दर्भमा "अत्र रोऽसुपीति रेफादेशः" (पृ. ४३) को उल्लेख र 'गवाक्' शब्दको अध्ययन नगर्ने मुख्य विशेषताबोहक अन्य अध्ययनमा दुवैमा समानता नै पाइन्छ। त्यस्तै ल.कौ.को अव्यय प्रकरणमा ५ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ४ सूत्र मात्र पढिएको छ। ल.कौ.मा पढिएको (७२) स्वरादिनिपातमव्ययम् एउटा सूत्र र (१६) उपसर्गविभक्तिस्वरप्रतिरूपकाश्च एउटा वार्तिक भने कौ.सा.मा अध्ययन गरिएको देखिँदैन। यसप्रकार ल.कौ.का सातवटै सुबन्त प्रकरणमा २५६ सूत्र र १८ वटा वार्तिक पढिएका छन् भने कौ.सा.का सातवटै सुबन्त प्रकरणमा २४६ सूत्र र १३ वटा वार्तिकहरूको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.का दुईवटा सूत्रको पुनरावृत्ति भएको छ। ल.कौ.मा पढिएका उपर्युक्त ७१ वटा सूत्रको अध्ययन कौ.सा.का सम्बद्ध प्रकरणम नगरिए पनि उपर्युक्त १०, १५, १९, २६, २७, ३६, ४४, ४५, ४६, ४७, ४९, ५१, ५६, ५७ र ५८औँ

सङ्ख्याका १५ सूत्रको अध्ययन कौ.सा.का उत्तरवर्ती प्रकरणमा गरिएको देखिन्छ भने उपर्युक्त १५ वटा वार्तिकको अध्ययन कौ.सा.का सम्बद्ध प्रकरणमा गरिएको पाइँदैन। सुबन्त प्रकरणअन्तर्गतका कुनै पनि प्रकरणमा ल.कौ.मा अध्ययन गरिएका बाहेक अन्य कुनै नयाँ सूत्र र वार्तिकको अध्ययन गरिएको भेटिँदैन।

'कौमुदीसार' ग्रन्थको तिङन्त प्रकरणका सूत्र र वार्तिकको समीक्षा

'कौमुदीसार' ग्रन्थमा तिङन्त प्रकरणअन्तर्गत भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि क्र्यादि, चुरादि, ण्यन्त, सन्नन्त, यङन्त, यङ्लुक्, नामधातु, कण्ड्वादि, आत्मनेपदप्रक्रिया, परस्मैपदप्रक्रिया, भावकर्मप्रक्रिया, कर्मकर्तृप्रक्रिया र लकारार्थ गरी २१ वटा प्रकरणहरू रहेका छन्। तीमध्ये ल.कौ.को भ्वादि प्रकरणमा १७९ सूत्र र तीनवटा वार्तिक पढिएको छ भने कौ.सा.मा १९५ सूत्र र ५ वार्तिक पढिएका छन्। तीमध्ये ल.कौ.को अच्सन्धिमा नपढिएको उपर्युक्त १९औँ 'उपसर्गाः क्रियायोगे' सूत्र भ्वादि प्रकरणमा पढिएको छ भने 'धात्वादेः षः सः' सूत्र हलन्तपुल्लिङ्गमा र भ्वादिमा पनि पढिएकाले पुनरावृत्त भएको छ। ल.कौ.को भ्वादि प्रकरणमा पढिएका भए पनि कौ.सा.को भ्वादि प्रकरणमा नपढिएका १८ वटा सूत्रहरू यसप्रकार छन् : (७३) तान्येकवचनद्विवचनबहुवचनान्येकशः, (७४) ते प्राग्धातोः, (७५) आनि लोट्, (७६) स्कोः संयोगाद्योरन्ते च, (७७) माङि लुङ्, (७८) स्मोत्तरे लङ् च, (७९) न माङ्योगे, (८०) उपसर्गात्सुनोतिसुवतिस्यतिस्तौतिस्तोभतिस्थासेनयसेधसिचसञ्जस्वञ्जाम्, (८१) प्राक्सितादड्व्यवायेऽपि, (८२) ह्रस्वं लघु, (८३) संयोगे गुरु, (८४) दीर्घं च, (८५) पुगन्तलघूपधस्य च, (८६) असंयोगाल्लिट् कित्, (८७) नेर्गदनदपतपदघुमास्यतिहन्तियातिवातिद्रातिप्सातिवपतिवहतिशाम्यतिचिनोतिदेग्धिषु च, (८८) उपसर्गादसमासेऽपि णोपदेशस्य, (८९) चङि, (९०) न वृद्भ्यश्चतुर्भ्यः। त्यस्तै ल.कौ.का (१७) दुरः षत्वणत्वयोरुपसर्गत्वप्रतिषेधो वक्तव्यः, (१८) अन्तश्शब्दस्याङ्किविधिणत्वेषूपसर्गत्वं वाच्यम् र (१९) इर इत्संज्ञा वाच्या तीनवटा वार्तिक कौ.सा.को भ्वादिमा पढिएको नपाइए पनि १९औँ वार्तिकको अध्ययन कौ.सा.को उत्तरवर्ती जुहोत्यादि प्रकरणमा गरिएको पाइन्छ। त्यसैगरी ल.कौ.को भ्वादि प्रकरणमा नपढिएका भए पनि कौ.सा.को भ्वादिमा पढिएका २६ वटा नयाँ सूत्रहरू यसप्रकार छन् : (१) वृतो वा, (२) शल इगुपधादनिटः क्सः, (३) आदेच उपदेशेऽशिति, (४) इरितो वा, (५) हलि च, (६) सिचि च परस्मैपदेषु, (७) विभाषा घ्राधेट्शाच्छासः, (८) सृजिदृशोर्झल्यमकिति, (९) तीषसहलुभरुषरिषः, (१०) लिङ्सिचावात्मनेपदेषु, (११) लिपिसिचिह्वश्च, (१२) आत्मनेपदेष्वन्यतरस्याम्, (१३) ये विभाषा, (१४) अतो ल्रान्तस्य, (१५) दंशसञ्जस्वञ्जां शपि, (१६) विभाषा सृजिदृशोः, (१७) न दृशः, (१८) ऋदृशोऽङि गुण, (१९) ऊदुपधायाः गोहः, (२०) तनूकरणे तक्षः, (२१) सन्लिटोर्जेः, (२२) फणां च सप्तानाम्, (२३) कृपो रो लः, (२४) लुटि च क्लृपः, (२५) तासि च क्लृपः र (२६) व्यथो लिटि। कौ.सा.को भ्वादि प्रकारणका यी २६ वटा नयाँ सूत्रमध्ये पहिलो र चौथो सूत्रको पुनरावृत्ति कौ.सा.को जुहोत्यादिमा भएको छ। त्यसका साथै (२) आङि चम इति वक्तव्यम् एउटा नयाँ वार्तिक वार्तिकको अध्ययन पनि कौ.सा.को भ्वादि प्रकारणमा भएको देखिन्छ।

ल.कौ.को अदादि प्रकरणमा ५२ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ६४ सूत्र र एउटा

वार्तिक पढिएको छ। तीमध्ये कौ.सा.का अस्तिवक्तिख्यातिभ्योऽङ् र वच उम् दुवै सूत्र अदादि प्रकरणमै पुनरुक्त भएका छन्। ल.कौ.मा पढिएका (९१) उपसर्गप्रादुर्भ्यामस्तिर्यच्परः, (९२) एतेर्लिङि, (९३) ऊर्णोतेर्विभाषा, (९४) न न्द्राः संयोगादयः, (९५) विभाषोर्णोः, (९६) गुणोऽपृक्ते र (९७) ऊर्णोतेर्विभाषा गरी ७ सूत्र तथा (२०) ऊर्णोतेराम्नेति वाच्यम् एउटा वार्तिक कौ.सा.मा पढिएको पाइँदैन। त्यसैगरी ल.कौ. मा नपढिएका (२७) तुरुस्तुशम्यमः सार्वधातुके, (२८) मृजेर्वृद्धिः, (२९) रुदादिभ्यः सार्वधातुके, (३०) रुदश्च पञ्चभ्यः, (३१) अड् गार्ग्यगालवयोः, (३२) अदभ्यस्तात्, (३३) जाग्रोऽविचिण्णल्ङित्सु, (३४) जुसि च, (३५) इद्दरिद्रस्य, (३६) श्नाभ्यस्तयोरातः, (३७) तिप्यनस्तेः, (३८) सिपि धातो रुर्वा, (३९) शास इदङ्हलोः, (४०) शा हौ, (४१) सर्तिशास्त्यर्तिभ्यश्च, (४२) ईशः से, (४३) इड्जनोर्ध्वे च र (४४) द्विषश्च गरी १८ वटा नयाँ सूत्र, (१) चर्करितं च एउटा गणसूत्र तथा (३) दरिद्रातेरार्धधातुके विवक्षिते आलोपो वाच्यः एउटा नयाँ वार्तिक कौ.सा.मा पढिएको छ। त्यसैगरी ल.कौ.को जुहोत्यादि प्रकरणमा २५ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा २० सूत्रको अध्ययन गरिएको छ। तीमध्ये कौ.सा.को भ्वादिमा पढिएको सिचि च परस्मैपदेषु सूत्रको जुहोत्यादिमा पुनरावृत्ति भएको छ। त्यस्तै ल.कौ. र कौ.सा. दुवैको दिवादि प्रकरणमा १६/१६ वटा सूत्र पढिएका छन् भने कौ.सा.मा एउटा नयाँ वार्तिक पढिएको छ। ल.कौ. को दिवादिमा पढिएका विभाषा घ्राधेट्शाच्छासः र सृजिदृशोर्झल्यमकिति दुवै सूत्र कौ.सा.को पूर्ववर्ती भ्वादि प्रकरणमै भएको छ। ल.कौ.मा पढिएका (९८) दीङो युडचि क्ङिति, (९९) मीनातिमिनोतिदीङां ल्यपि च र (१००) चिण् ते पदः तीन सूत्र कौ.सा.मा भेटिँदैनन्। त्यस्तै ल.कौ.मा नपढिएका (४५) शमामष्टानां दीर्घः श्यनि, (४६) यसोऽनुपसर्गात्, (४७) संयसश्च, (४८) अस्यतेस्थुक् र (४९) श्र्युकः किति पाँचवटा नयाँ सूत्र तथा (४) स्पृशमृशकृषतृपदृपां च्लेः सिज्वा वाच्यः एउटा नयाँ वार्तिक कौ.सा.मा पढिएको पाइन्छ।

ल.कौ.को स्वादि प्रकरणमा ६ सूत्र पढिएका छन् भने कौ.सा.मा ८ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये कौ.सा.मा उपर्युक्त ४९औँ सूत्र दिवादिमै पढिएको हुँदा ल.कौ.अनुसार यहाँ नपढिएको हो। ल.कौ. को स्वादिमा नपढिएका (५०) लिङ्सिचोरात्मनेपदेषु, (५१) न लिङि र (५२) अश्नोतेश्च तीन नयाँ सूत्र कौ.सा.को स्वादिमा पढिएका छन्। यीमध्ये ५० र ५१औँ सूत्र ल.कौ.को उत्तरवर्ती क्र्यादि प्रकरणमा पढिएको पाइन्छ भने ५२औँ सूत्र ल.कौ.का कुनै प्रकरणमा नपढिए पनि यसलाई सि.कौ.बाट कौ.सा.मा ग्रहण गरिएको हो। त्यसैगरी ल.कौ.को तुदादि प्रकरणमा १५ सूत्र र ४ वार्तिक पढिएका छन् भने कौ.सा.मा ६ सूत्र र २ वार्तिकको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को तुदादिमा पढिएका लिङ्सिचावात्मनेपदेषु, लिपिसिचिह्वश्च, आत्मनेपदेष्वन्यतरस्याम् र तीषसहलुभरुषरिषः चारवटै सूत्र कौ.सा.को भ्वादिमा पढिएकाले यहाँ पुनरावृत्ति नगरिएको हो। तीबाहेकका (१०१) तुदादिभ्यः शः, (१०२) अनुदात्तस्य चर्दुपधस्यान्यतरस्याम्, (१०३) स्फुरतिस्फुलत्योर्निर्निविभ्यः, (१०४) शदेः शितः, (१०५) किरतौ लवने र (१०६) हिंसायां प्रतेश्च ६ सूत्र तथा (२१) स्पृशमृशकृषतृपदृपां च्लेः सिज्वा वाच्यः र (२२) शे तृम्फादीनां नुम् वाच्यः दुईवटा वार्तिकको अध्ययन कौ.सा.मा भएको देखिँदैन।

ल.कौ.को रुधादि प्रकरणमा ६ सूत्र पढिएका छन् भने कौ.सा.मा ४ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को रुधादिमा पढिएका तिप्यनस्तेः र सिपि धातो रुर्वा दुवै सूत्रको अध्ययन कौ.सा.को

पूर्ववर्ती अदादि प्रकरणमा भएको छ भने (१०७) तृणहः इम् सूत्रको अध्ययन कौ.सा.मा भएको देखिँदैन। त्यसैगरी ल.कौ.को तनादि प्रकरणमा ११ सूत्र पढिएका छन् भने कौ.सा.मा ८ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये तनादिकृञ्भ्य उः सूत्रको पुनरुक्ति दुवै कौमुदीमा भएको छ। ल.कौ.को ये विभाषा सूत्र कौ.सा.मा भ्वादिमा पढिएको पाइन्छ भने (१०८) जनसनखनां सञ्झलोः र (१०९) अत उत्सार्वधातुके दुई सूत्रको अध्ययन कौ.सा.मा गरिएको देखिँदैन। त्यस्तै ल.कौ.को क्र्यादि प्रकरणमा १० सूत्र पढिएका छन् भने कौ.सा.मा ७ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को क्र्यादिमा पढिएका लिङ्सिचोरात्मनेपदेषु र न लिङि दुवै सूत्र कौ.सा.को पूर्ववर्ती स्वादि प्रकरणमा अध्ययन गरिएका छन्। ल.कौ.को क्र्यादिमा पढिएका (११०) हिनुमीना र (१११) स्तन्भेः दुईवटा सूत्र कौ.सा.मा पढिएका छैनन् भने ल.कौ.मा नपढिएको (५३) निरः कुषः एउटा नयाँ सूत्रको अध्ययन कौ.सा.को क्र्यादि प्रकरणमा भएको पाइन्छ। त्यसैगरी ल.कौ.को चुरादि प्रकरणमा ४ सूत्र पढिएका छन् भने कौ.सा.मा ७ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को चुरादिमा पढिएको अचः परस्मिन्पूर्वविधौ सूत्र कौ.सा.को अदादिमा पढिएको छ भने ल.कौ.का कुनै पनि प्रकरणमा नपढिएका (५४) भ्रासभासभाषदीपजीवमीलपीडामन्यतरस्याम्, (५५) अत्स्मृदृत्वरप्रथम्रदस्तृस्पृशाम्, (५६) उपधायाश्च, (५७) उर्ऋत् र (५८) धूञ्प्रीञोर्नुग्वा पाँचवटा नयाँ सूत्र कौ.सा.मा अध्ययन गरिएका छन्।

ल.कौ.को ण्यन्तप्रक्रियामा ७ सूत्र पढिएका छन् भने कौ.सा.मा १६ सूत्र र दुईवटा वार्तिकको अध्ययन गरिएको छ। तीमध्ये सात सूत्र दुवै कौमुदीमा समान रहे पनि ल.कौ.मा नपढिएका (५९) जिघ्रतेर्वा, (६०) शाच्छासाह्वाव्यावेपां युक्, (६१) लोपः पिबतेरीच्चाभ्यासस्य, (६२) विभाषा वेष्टिचेष्टयोः, (६३) ह्वः सम्प्रसारणम्, (६४) दोषो णौ, (६५) नाग्लोपिशास्वृदिताम्, (६६) रभेरशब्लिटोः र (६७) लभेश्च गरी ९ वटा नयाँ सूत्र तथा (५) काण्यादीनां वेति वक्तव्यम् र (६) पातेणौ लुग्वक्तव्यः दुईवटा नयाँ वार्तिक कौ.सा.को ण्यन्तप्रक्रियामा पढिएका छन्। त्यस्तै ल.कौ.को सन्नन्तप्रक्रियामा ६ सूत्र पढिएका छन् भने कौ.सा.मा ११ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये छ सूत्र दुवै कौमुदीमा समान रहे पनि कौ.सा.मा एउटै इको झल् सूत्रको दुईपटक पुनरावृत्ति भएको छ। त्यसबाहेक ल.कौ.को सन्नन्तमा नपढिएका (६८) रुदविदमुषग्रहिस्वपिप्रच्छः संश्च, (६९) हलन्ताच्च, (७०) गुप्तिज्किद्भ्यः सन् र (७१) मान्बधदान्शान्भ्यो दीर्घश्चाभ्यासस्य चारवटा नयाँ सूत्र कौ.सा.को सन्नन्तमा पढिएका छन्। यीमध्ये ल.कौ.को उत्तरवर्ती आत्मनेपदप्रक्रियामा उपर्युक्त ६९औँ सूत्रको अध्ययन गरिएको छ। त्यसैगरी ल.कौ. र कौ.सा. दुवैको यङन्तप्रक्रियामा ७/७ सूत्र पढिएका छन्। तीमध्ये छ सूत्र दुवै कौमुदीमा समान रहे पनि ल.कौ.मा पढिएको (११२) क्षुभ्नादिषु च सूत्रको अध्ययन कौ.सा.को कुनै पनि प्रकरणमा गरिएको देखिँदैन भने ल.कौ.मा नपढिएको (७२) रीङ् ऋतः एउटा नयाँ सूत्रको अध्ययन कौ.सा.को यङन्तप्रक्रियामा भएको छ, जुन नयाँ सूत्रको अध्ययन ल.कौ.को उत्तरवर्ती रक्ताद्यर्थक प्रकरणमा भएको पाइन्छ। त्यस्तै ल.कौ. र कौ.सा. दुवैको यङ्लुङन्तप्रक्रियामा समान रूपमा २/२ सूत्र पढिएका छन्।

ल.कौ.को नामधातुप्रक्रियामा १० सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ११ सूत्र र तीनवटा वार्तिकको अध्ययन गरिएको छ। तीमध्ये ९ वटा सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रहे पनि ल.कौ.

मा पढिएको (११३) कष्टाय क्रमणे सूत्र कौ.सा.को कुनै पनि प्रकरणमा पढिएको पाइँदैन भने ल.कौ. मा नपढिएका (७३) अशनायोदन्यधनयाबुभुक्षापिपासागर्धेषु र (७४) कर्तुः क्यङ् सलोपश्च दुईवटा नयाँ सूत्र तथा (७) सुदिनदुर्दिननिहारेभ्यश्च र (८) प्रातिपदिकाद्धात्वर्थे बहुलमिष्ठवच्च दुईवटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा भएको पाइन्छ। त्यसैगरी ल.कौ.को कण्ड्वादिप्रक्रियामा (११४) कण्ड्वादिभ्यो यक् एउटा सूत्र मात्र पढिएको छ भने कौ.सा.का कुनै पनि प्रकरणमा यस सूत्रको अध्ययन गरिएको पाइँदैन। त्यस्तै ल.कौ.को आत्मनेपदप्रक्रियामा १५ सूत्र पढिएको छ भने कौ.सा.मा १० सूत्रको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को आत्मनेपदप्रक्रियामा पुनरुक्त भएको भुजोऽनवने सूत्र दुवै कौमुदीको रुधादि प्रकरणमा पढिएको पाइन्छ भने ल.कौ.को आत्मनेपदप्रक्रियामा पढिएको हलन्ताच्च सूत्र कौ.सा.को सन्नन्तप्रक्रियामा पढिएको देखिन्छ। त्यसबाहेक पाँचवटा सूत्र दुवै कौमुदीमा समान रहे पनि ल.कौ.मा पढिएका (११५) कर्तरि कर्मव्यतिहारे (११६) न गतिहिंसार्थेभ्यः, (११७) अपह्नवे ज्ञ, (११८) अकर्मकाच्च, (११९) उदश्चर सकर्मकात्, (१२०) समस्तृतीयायुक्तात्, (१२१) दाणश्च सा चेच्चतुर्थ्यर्थे र (१२२) गन्धनावक्षेपणसेवनसाहसिक्यप्रतियत्नप्रकथनोपयोगेषु कृञः गरी ८ वटा सूत्र कौ.सा.का अन्य कुनै प्रकरणमा पनि पढिएका पाइँदैनन् भने ल.कौ.मा नपढिएका (७५) समो गम्यृच्छिभ्याम्, (७६) क्रीडोऽनुसंपरिभ्यश्च, (७७) प्रोपाभ्यां समर्थाभ्याम्, (७८) वा गमः र (७९) ज्ञाश्नुस्मृदृशां सनः पाँचवटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको पाइन्छ। त्यसैगरी ल.कौ.को परस्मैपदप्रक्रियामा ६ सूत्र पढिएको छ भने कौ.सा.मा ९ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये पाँचवटा सूत्र दुवै कौमुदीमा समान रहे पनि ल.कौ.मा पढिएको (१२३) व्याङ्परिभ्यो रमः एउटा सूत्रको अध्ययन कौ.सा.का कुनै पनि प्रकरणमा भएको देखिँदैन भने ल.कौ.मा नपढिएका (८०) बुधयुधजनजनेङ्प्रुद्रुश्रुभ्यो णेः, (८१) क्रीङ्जीनां णौ, (८२) णौ च संश्चङोः र (८३) निगरणचलनार्थेभ्यश्च चारवटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको देखिन्छ।

ल.कौ. र कौ.सा. दुवैको भावकर्मप्रक्रियामा ९/९ सूत्र पढिएका छन्। तीमध्ये आठवटा सूत्र दुवै कौमुदीमा समान रहे पनि ल.कौ.मा पढिएको (१२४) तपोऽनुतापे च एउटा सूत्रको अध्ययन कौ.सा.का कुनै पनि प्रकरणमा भएको देखिँदैन भने ल.कौ.मा नपढिएको (८४) अयङ् यि क्ङिति एउटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको पाइन्छ। त्यस्तै ल.कौ. र कौ.सा. दुवैको भावकर्तृप्रक्रियामा समान रूपमा १/१ सूत्र पढिएको छ। त्यसैगरी ल.कौ.को लकारार्थप्रक्रियामा ५ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा. मा ८ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये पाँचवटा सूत्र दुवै कौमुदीमा समान रहेका छन् भने ल.कौ. नपढिएका (८५) प्रैषातिसर्गप्राप्तकालेषु कृत्याश्च, (८६) अर्हे कृत्यतृचश्च र (८७) शकि लिङ् च तीनवटा नयाँ सूत्र कौ.सा.मा पढिएका छन्। त्यसैगरी ल.कौ.मा पढिएको (२३) भविष्यत्येवेष्यते एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको देखिँदैन। यसप्रकार ल.कौ.का २१ वटै तिङन्त प्रकरणमा ३९२ सूत्र र १० वटा वार्तिक पढिएका छन् भने कौ.सा.का सातवटै सुबन्त प्रकरणमा ४२८ सूत्र र १४ वटा वार्तिकहरूको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.का चारवटा सूत्रको पुनरावृत्ति भएको छ भने ल.कौ.मा पढिएका १२४ सूत्र र २४ वार्तिकको अध्ययन कौ.सा.का सम्बद्ध प्रकरणमा गरिएको देखिँदैन। त्यस्तै कौ.सा.का तिङन्तअन्तर्गतका सम्बद्ध प्रकरणमा ८७ वटा नयाँ सूत्रको, एउटा गणसूत्रको र आठवटा नयाँ वार्तिकको

अध्ययन भएको पाइन्छ। कौ.सा.का नयाँ सूत्रमध्ये ल.कौ.का उत्तरवर्ती प्रकरणमा चार सूत्रको अध्ययन भएको पनि भेट्न सकिन्छ।

'कौमुदीसार' ग्रन्थका हस्तलिखित संशोधनहरूको समीक्षा

लेखक छविलाल शर्मा पोख्रेलको पारिवारिक सङ्कलनमा रहेको 'कौमुदीसार' ग्रन्थका केही स्थलमा लेखक स्वयंले हस्तलिखित संशोधन गरेका छन्। यस ग्रन्थको आवरणपृष्ठको शीर्षभागमा 'संशोधित' शब्द उल्लेख गरिएको छ भने भित्री पृष्ठको पहिलो रिक्त पृष्ठमा १००, १०१, १०३, १०५, १०६, १०७ र १०८ पृष्ठको सङ्केत गरी नौवटा संशोधनीय स्थलको निर्देश गरिएको छ। तदनुसार १०० पृष्ठमा कृ र गृ धातु दीर्घ हुनुपर्नेमा ह्रस्व भएको, १०१ पृष्ठमा 'व्यापप्रे' हुनुपर्नेमा 'व्याप्रे' भएको, १०३ पृष्ठमा शिण्ढि र ञिइन्धी हुनुपर्नेमा अन्यथा भएको, १०५ पृष्ठमा 'क्रीणीते' हुनुपर्नेमा 'क्रणीते' भएको, १०६ पृष्ठमा क्रीणीयात्, स्तम्नोतु र स्तृञ् हुनुपर्नेमा क्रमशः क्रीणियात्, स्तन्भोतु र स्तृ भएको, १०७ पृष्ठमा ग्रन्थ, जृ वयोहानौ, बबन्द्ध र क्लिशू हुनुपर्नेमा क्रमशः गन्थ, जृ वयोहानौ, बबन्थ र क्लिश भएको तथा १०८ पृष्ठमा अपिपीडयत्, प्रलम्भने, प्रख्याने र कृत हुनुपर्नेमा क्रमशः अपिपिडयत्, अलम्भने, प्रख्नाते र कृत भएको हुँदा तदनुसार मूलपाठमा लेखक स्वयंले संशोधन गरेका छन्। उपर्युक्त स्थलहरूमा बाहेक यस पुस्तकका अन्य स्थलमा पनि लेखक स्वयंले आफ्नै हस्ताक्षरमा संशोधन तथा थप गरेका छन्। तीमध्ये संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा रहेका संशोधित स्थलहरूको क्रमिक विवरण र पृष्ठसङ्ख्या यसप्रकार छ : कण्ठौष्ठम्, कण्ठोष्ठम् (पृ. ५), सञ्च् शम्भुः (पृ. ९), आटश्च (पृ. २४), एवं कतमत् (पृ. २७), राजाश्वः (पृ. ३१), भृड्, ८।४।५३ (पृ. ३५), ७।२।९५ (पृ. ३६), लुप्तनकारस्या (पृ. ३८), लृलुटोः (पृ. ५२), सर्वदिशा (पृ. ५३), भ्राशृ (पृ. ७४), न वृद्भ्यश्चतुर्भ्यः (पृ. ७५), अवक्ष्वहि, अवक्ष्महि (पृ. ७७), वलादेः सार्वधातुकस्येट् (पृ. ८३), श्वसन्ति (पृ. ८४), णश (९३), अनुदात्तस्येत्यम्वा (पृ. ९४), रुणधै (पृ. १०२) र दीर्घ (पृ. १०९)। त्यसैगरी हस्तलिखित संशोधनमा थप गरिएका विषयवस्तुहरू यसप्रकार छन् : अ ए ओ गुण (पृ. ३), उपसर्गाः = प्र परा अप सम् अनु अव निस् निर् दुस् दुर् वि आङ् नि अधि, अपि अति सु उत् प्रति परि उप (पृ. ५, ६), यथासङ्ख्यमनुदेशः समानाम् (पृ. ५), तुभ्यम्, मह्यम्, भ्यसोभ्यम् (७।१।३०), पूर्वस्याणो (पृ. ३६), वेदे तु इवार्थेऽपि (पृ. ४५), भ्लाशृ (पृ. ७४), वृद्भ्यः स्यसनोः।१।३।९२।। वृतादिभ्यः परस्मैपदं वा स्यात् स्ये सनि च (पृ. ७५) र पप्रतुः (९०)। यी संशोधित स्थलहरूमध्ये पृष्ठ ८४ को 'श्वसन्ति' शब्दलाई हटाइएको छ भने ३६ पृष्ठको 'भ्यसोभ्यम्' पाठको सट्टा खण्डाकारसहित 'भ्यासोऽभ्यम्' पाठ पढिनुपर्थ्यो। लेखकले संशोधन तथा थप गरेका उपर्युक्त पाठबाहेक मुख्यतः पदयोग र पदवियोग तथा अंशतः अष्टाध्यायी सूत्रक्रम र पाठभेदसँग सयौँ संशोधनीय पाठहरू पनि 'कौमुदीसार' ग्रन्थको समीक्षात्मक अध्ययनका क्रममा भेट्न सकिन्छ।

'कौमुदीसार' ग्रन्थका सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलहरूको समीक्षा

लेखक छविलाल शर्मा पोख्रेलकै हस्ताक्षरबाट संशोधन गरिएका 'कौमुदीसार' ग्रन्थका उपर्युक्त संशोधनीय स्थलका अतिरिक्त सूत्र, वार्तिक र व्याख्यासँग सम्बद्ध अनेकौँ संशोधनीय स्थलहरू रहेका छन्। तीमध्ये संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा रहेका सूत्र र वार्तिकसँग सम्बद्ध पदयोग, पदवियोग

आदि संशोधनीय स्थलहरू यसप्रकार छन् : श्नुनाश्नुः (पृ. ६) ङ सि (पृ. ८), रोरि, ढ्र लोपे (पृ. १०), ङ्य्ओस् (पृ. ११), नुम् व्यवाये (पृ. १३), ङसि ङ्योः (पृ. १५), आ कडारा (पृ. १६), शेषोघ्यसखि (पृ. १७), पूर्बस्य (पृ. २०), संयोगन्तस्य (पृ. २१), नृच (पृ. २२), विभाषादिक्समासे (पृ. २३), बहुब्रीहौ (पृ. २३), नपुसक, श्याम् प्रतिषेधः, शिसर्वनामस्थानम् (पृ. २६), नषुंसके (पृ. २७), होढः (पृ. २८), वसुस सुध्वं (पृ. २९), षट् चतुर्भ्यश्च, मोनोधातोः, इदोय्पुंसि (पृ. ३०), द्वितीया टौस्वनेन, ङि सम्बद्ध्योः, न लोपः (पृ. ३१), होहन्ते (पृ. ३२), पथिमथृभुक्षामात्, थोन्थः (पृ. ३३), गञ्चु युजिक्रुञ्चां (पृ. ३४) ङे प्रथमयोः (पृ. ३५), द्वितीयायां च, शसो नः (पृ. ३६), आसर्वनाम्नः (पृ. ४०), सोऽपुंसुङ्, सेर्दादुदोमः (पृ.४१), नमुने (पृ. ४२), अपो भिः, नपुसकलिङ्गाः (पृ. ४३), त आतां झ थास् आथाम् ध्वम् इट्वहिमहिङ् (पृ. ४९), तिङ् शित्सार्वधातुकम् (पृ. ५०), णलातुसुस् (पृ. ५१), गातिस्थाघूपाभूभ्यः (पृ. ५५), तस्मान्नुड्द्विहलः (पृ. ५९), वाभ्रासभ्लाश (पृ. ६२), शलइगुपधाद् (पृ. ६३), अतोल्रान्तस्य (पृ. ६४), चपरस्मैपदेषु (पृ. ६५), षीध्वं लुङ् लिटां (पृ. ७०), धिच, सवाभ्थां (पृ. ७१), कृपोरोलः (पृ. ७५), लिपि सिचि ह्वश्च (पृ. ७७), उता वृद्धि (पृ. ८०), विदां कुर्वन्त्वित्यन्यतरस्याम् (पृ. (८१), अड्गार्ग्यगालवयोः (पृ. ८३), तिप्यनस्ते, शाहौ, शीङ सार्वधातुके (पृ. ८५), लुङ् लृङोः (पृ. ८६), गाङ् कुटादिभ्यो (पृ. ८७), कृतचृतछृदतृदनृतः (पृ. ९३), क्ङितिरमागमं (पृ. ९९), मस्जेरन्त्यापूर्वो (पृ. १००), रूधिर् (पृ. १०२), जृस्तम्भुमुचु (पृ. १०६), ईच गणः (पृ. १०९), पुङ्णौ (पृ. ११०), जिघ्रतेवा, शाच्छासाह्वावेपां, वक्तव्यन्, नाग्लोपिशास्वृताम् (पृ. १११), समानकतृकात्, सस्यार्धधातुके, स्बपिप्रच्छ (पृ. ११२), मान्वध, यङ् लुकोः (पृ. ११३), यङ्लङन्तप्रक्रिया (पृ. ११४), सलापश्च (पृ. ११६), समोगमृच्छियाम् (पृ. ११८), निरगणचलार्थेभ्यश्च (पृ. १२०) र भवकर्मणो (पृ. १२१)। यसैगरी अष्टाध्यायीको सूत्रक्रमनिर्धारणका सन्दर्भमा ७।१।९३ हुनुपर्नेमा ७।१।७३ (पृ. १७) भएको छ। उपर्युक्त सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलहरूबाहेक व्याख्यासँग सम्बद्ध संशोधनीय स्थलहरू प्रशस्तै रहेका छन्, जसको पृथक् रूपमा अनुसन्धान हुनु आवश्यक छ।

निष्कर्ष

छविलाल शर्मा पोख्रेलले वि.सं. १९९८ मा रचना गरी वि.सं. २०२० मा प्रकाशनमा ल्याएको 'कौमुदीसार' पाणिनीय व्याकरणअन्तर्गतका वैयाकरणसिद्धान्तकौमुदी, मध्यसिद्धान्तकौमुदी र लघुसिद्धान्तकौमुदीलाई साङ्गोपाङ्ग रूपमा अध्ययन गरेर सारभूत रूपमा लघुसिद्धान्तकौमुदीका ढाँचामा तयार गरिएको ग्रन्थ हो। ल.कौ.मा ६० प्रकरण रहे पनि चतुरर्थिक प्रकरणलाई रक्ताद्यर्थक प्रकरणमा समावेश गरिएकाले कौ.सा. मा ५९ प्रकरण रहेका छन्। ल.कौ. र कौ.सा. दुवै ग्रन्थका सम्पूर्ण प्रकरणमध्ये संज्ञा प्रकरणदेखि लकारार्थ प्रकरणसम्मका ३२ वटा प्रकरणलाई समग्र रूपमा संज्ञासन्धि, सुबन्त र तिङन्त तीन मुख्य प्रकरणमा विभाजन गरी दुवै ग्रन्थमा रहेका सूत्र र वार्तिकको प्रकरणगत तुलनात्मक समीक्षा गर्दा संज्ञाप्रकरण अच्सन्धि, हल्सन्धि, तुदादि, कण्ड्वादि र आत्मनेपद प्रकरणलाई पूर्णतः सङ्क्षेपीकरण गरिएको, अजन्तपुल्लिङ्ग, हलन्तपुल्लिङ्ग, अव्यय, जुहोत्यादि, रुधादि, तनादि र क्र्यादि प्रकरणलाई आंशिक रूपमा सङ्क्षेपीकरण गरिएको, अजन्तनपुंसकलिङ्ग, हलन्तस्त्रीलिङ्ग, हलन्तनपुंसकलिङ्ग, यङन्त, यङ्लुक्, भावकर्म र कर्मकर्तृ प्रकरणलाई प्रायः यथावत् राखिएको तथा अजन्तस्त्रीलिङ्ग, भ्वादि, अदादि, दिवादि, चुरादि, ण्यन्त, सन्नन्त, नामधातु, परस्मैपद र लकारार्थ प्रकरणलाई विस्तृतीकरण गरिएको देखिन्छ। ल.कौ.

मा जम्मा १२७४ सूत्र र १०९ वार्तिक पढिएका छन् भने कौ.सा.मा जम्मा १२२१ सूत्र र १०६ वार्तिकको अध्ययन भएको छ। तीमध्येमा ल.कौ.को संज्ञादेखि लकारार्थसम्मका प्रकरणमा जम्मा ७६२ सूत्र र ४० वार्तिक पढिएका छन् भने कौ.सा.मा उक्त प्रकरणमा जम्मा ७४१ सूत्र र ३० वार्तिकको अध्ययन भएको छ। दुवै ग्रन्थमा समान रूपमा पढिएका सूत्र र वार्तिकको बाहुल्य रहे पनि ल.कौ.मा पढिएका १२४ सूत्र र २४ वार्तिक कौ.सा.का सम्बद्ध प्रकरणमा पढिएका छैनन् भने ८७ नयाँ सूत्र र ८ नयाँ वार्तिकको अध्ययन चाहिँ कौ.सा.मा भएको छ। त्यसैले 'कौमुदीसार' ग्रन्थलाई भट्टोजि दीक्षितको वैयाकरणसिद्धान्तकौमुदी र वरदराजका मध्यसिद्धान्तकौमुदी एवम् लघुसिद्धान्तकौमुदीभन्दा पृथक् संरचना भएको ग्रन्थ मान्न सकिन्छ। 'कौमुदीसार'मा लेखक स्वयंले हस्तलिखित रूपमा संशोधन गरेका र संशोधन गर्न छुट भएका संशोधनीय केही स्थलहरूको सङ्केत यहाँ गरिएको भए पनि संशोधनीय थप स्थल र यस ग्रन्थका व्याख्यात्मक विशेषताका बारेमा समेत पृथक् रूपमा अनुसन्धान गरी संशोधित संस्करणका रूपमा यस ग्रन्थको पुनः प्रकाशन हुनुपर्ने आवश्यकता देखिन्छ।

सन्दर्भसूची

दीक्षित, भट्टोजि. (सन् १९८६). *वैयाकरणसिद्धान्तकौमुदी* (प्रथम भाग, सम्पा. शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द). दिल्ली : मोतीलाल बनारसीदास।

दीक्षित, भट्टोजि. (सन् २००४). *वैयाकरणसिद्धान्तकौमुदी* (तृतीय भाग, सम्पा. शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द). दिल्ली : मोतीलाल बनारसीदास।

पन्त, नयराज. (२०४९). छोट्ट्याइएको लघुकौमुदीको अलिकता भाग, *पूर्णिमा.* (८१), पृ. १–६२।

पाणिनि. (सन् १९७७). *अष्टाध्यायीसूत्रपाठः* (सम्पा. मिश्र, नारायण). वाराणसी : चौखम्बा ओरियन्टालिया।

पोख्रेल, छविलाल शर्मा. (२०२०). *कौमुदीसारः.* विराटनगर : नेपाली साहित्य भण्डार।

भट्टराई, भवानीशङ्कर. (२०८२). पाणिनीयव्याकरणव्याख्याने नेपालदेशीयमवदानम्, *शोधसुधा* (अङ्क ३, पृ. १–३२०), https://www.researchgate.net/scientific-contributions/Bhawani-Shankar-Bhattarai-2322804151

वरदराज. (सन् १९८१). *मध्यसिद्धान्तकौमुदी* (सम्पा. शास्त्री, विश्वनाथ). दिल्ली : मोतीलाल बनारसीदास।

वरदराज. (२०४०). *लघुसिद्धान्तकौमुदी* (सम्पा. पाण्डेय, रामनारायणदत्त). गोरखपुर : गीताप्रेस।